[प्राक्कथन]

# दलित समस्याः कसरी लेखियो? कसरी पढियो?

– डा. विद्यानाथ कोइराला

वर्णाश्रम व्यवस्थाले वर्णकर्म तोकिदियो । यो कर्महरुमा धन, विद्या र राज्यशक्ति एकै ठाउँमा थिएन । तर कृषि युगले यो व्यवस्था भत्कायो । त्यही भत्किएको वर्णाश्रम व्यवस्थाबाट जातीय छुवाछूतको जन्म भयो । यसलाई स्मृति र संहिताले धार्मिक मान्यता दिए । समाजका धर्मन्धिहरुले यसलाई निरन्तरता दिए । यही निरन्तरताले सिर्जेको असमानतावारे यस पुस्तकमा धेरै लेखहरु छन् । वर्णाश्रम व्यवस्थाको कटु आलोचना, मनुस्मृतिको कडा विरोध र हिन्दूधर्मको अनुदारता सम्बन्धमा लेखिएका लेखहरुले यही कुरा व्यक्त्याएका छन् ।

धार्मिक ग्रन्थहरुले दिएका संरचनाहरुले दुई परस्पर विरोधी मान्यताहरु अगाडि सारे । पहिलो मान्यताले सबै जीवलाई समान देख्यो । दोस्रो मान्यताले त्यही मूल्यभित्र जातीय छुवाछूतलाई दैवी वरदान मानिदियो । यसरी हिन्दूधर्मले बचाएको विरोधाभाषपूर्ण चिन्तनले दलितहरुलाई मन्दिर प्रवेश गर्न दिएन । यो प्रचलनलाई यस पुस्तकका लेखहरुले विभिन्न रुपमा विरोध गरे । पहिलो कोटीका लेखहरुले "मन्दिर बनाउने हामी र पस्न नपाउने पनि हामी" भनेर अधिकारको खोज गरे । दोस्रो कोटीका लेखहरुले सबै जीवलाई समान देख्ने उदार मान्यतामा कहाँ जातीय छुवाछूत गर्न मिल्छ र? भनी धर्मकै किताबलाई जातीय छुवाछूत मास्ने आधार बनाए ।

टाठाबाठाहरुको समाजले दलितहरुलाई "अन्त्यज पेशा" दियो । परिणामतः पौरखी भएर पनि दलित समुदाय सर्वहारा बन्न पुग्यो । सर्वहारा बनाउने सोच केही ब्राह्मण, पुरोहित र ब्राह्मण एवं पुरोहितवादको हिमायतीहरुले गरे । यसरी दलित समस्या जातीय नभएर वर्गीय चिन्तनको उपज ठानियो । यो ठम्याइका थुप्रै लेखहरु यस पुस्तकमा समावेश भएका छन् । तर यो सोचलाई छिटफुट देखापरेका केही लेखहरुले अर्कै चुनौती दिए । त्यो चुनौती हो–के वर्गीय मुक्ति हुनासाथ जातीय मुक्ति संभव छ र? के सर्वहारा समुदायमा जातीय विभेद हुन्न र?

दलित को हुन? के ती अनार्य हुन? के आर्य हुन? के दास दासी हुन? अस्तित्व खोजका केही लेखहरु यस संगालोमा परेका छन् । तर यी सोचहरुमा दलितहरु द्रविड हुन भन्ने लेखहरु ज्यादै कम छन् । तर मनुस्मृतिले बनाएका आधारहरु हेरेर दलितहरु एउटै प्रक्रियाका उपज होइनन् । बरु मिश्रित समूह हुन्

भन्ने सोच यो पुस्तकले अगाडि बढाएको छ ।

मुक्तिको खोजमा दलितहरुका प्रयासलाई केही लेखहरुले विषयवस्तु बनाएका छन् । तिनमा चारवटा धारहरु स्पष्ट देखिन्छन् । पहिलो-उग्र बामपन्थी धार हो । यो धारले बाहुन र बाहुनबादको अत्यन्त ठूलो विरोध गरेको छ । दोस्रो धार हो-नरम बामपन्थी धार । यो धारले समाज-संरचनामा भएको अन्तरंग राजनीतिलाई विश्लेषण गरेको छ । वामपन्थका दुबै धारहरुले दलित बनाउने प्रक्रियामा शोषण गर्ने नियत र आर्थिक असमानतालाई मुख्य ठानेका छन् । तेस्रो धार हो-प्रजातन्त्रवादी धार । यो धारले दलितलाई हेर्ने निर्णयात्मक दृष्टिकोण (deterministic vision) लिएको छैन । यसले त दलितहरु एउटै प्रक्रियाबाट नबनेकाले उनीहरुलाई बहुपक्षीय ढंगबाट विश्लेषण गर्नुपर्छ भन्ने सन्देश दिएको छ । चौंथो धार हो-गैससको धार । यो धारले दलितहरुलाई अशक्त सावित गरेको छ र सशक्त बनाउने प्रयासमा आर्थिक, शैक्षिक, र राजनैतिक चिन्तनलाई अगाडि बढाएको छ । भुल्के आन्दोलनमा अभिप्रेरित गरेको छ ।

जातीय, वर्गीय, र लैंगिक हिसावले दलित महिला पीडित छन् । सामाजिक संरचनाले उनैलाई दोष्याएको छ । पितृसत्तात्मक व्यवस्थाले उनैलाई दबाएको छ । यौन दुराचारले उनैलाई होच्याएको छ । अनि महिला मुक्तिका आन्दोलनमा बैचारिक खुराकको कमी छ । संख्यात्मक रुपमा पूर्णकालीन योद्धाको कमी छ । कार्यनीतिको हिसाबले सीमित क्षेत्रका दलित महिलाहरु मात्र सशक्त भएका छन् । तर त्यही ठाउँमा गैर दलित महिला र पुरुषहरुमा दलित सचेतताको कमी छ भन्ने कुराहरु यस पुस्तकमा समावेश गरिएको छ ।

कानूनले सुरक्षात्मक अनुभूति दिन्छ । तर के दलितले त्यसको अनुभूति गर्न पाए त? यस प्रश्नको उत्तरमा संग्रहित लेखहरुले २०२० सालको मुलुकी ऐन र २०४७ को नेपाल अधिराज्यको संविधानलाई उल्लेख गरेका छन् । यी दुवै दस्तावेजहरुले जातीय छुवाछूत मास्ने कानूनी बाटाहरु त दिए तर त्यहाँ दुईवटा अड्चनहरु भए । पहिलो, कानूनको एउटा धारालाई अर्को धाराको परंपरावादी सोचले काट्यो । दोस्रो, कानून लागू गर्ने अधिकांश शासकहरु दलितको पक्षमा भएनन् ।

दलितहरु पौरखी व्यक्तित्व हुन् । तर उनीहरुको परंपरागत पौरखी सीपले वैचारिक उर्जा पाएन । त्यसैले उद्यमशील पेशा बन्न सकेन । न उद्यमीहरुले यसलाई महत्व दिए न दलितहरुले यसलाई उद्यमीकरण गर्न सके । यस स्थितिको परंपरागत पेशाले गर्दा दलितहरु भोकै परे भन्ने खालका लेखहरु यस पुस्तकमा समावेश गरिएका छन् ।

नेपाली समाजमा जातीय कट्टरता छ । कृषि युगले ल्याएको वर्णीय

निरन्तरता छ । यसैले समाजमा जातीय छुवाछूत छ । गैर दलितसँग दलितहरुको दोहोरो छलफल नहुने परिवेश छ । दलित महिलाको यौन शोषण छ । दलितहरुलाई शिक्षा दिन नचाहने सामाजिक संरचना छ । यस्तै स्थितिलाई शास्त्रीय ग्रन्थहरुले निरन्तरता दिएका छन् । तिनै ग्रन्थहरुले बनाएका डरबेष्टित मान्यताहरु छन् । संरचनात्मक व्यवस्थाले उब्जेको आर्थिक परनिर्भरताले गर्दा दलितहरुलाई मौनी बनाएको छ । दलित वस्तीहरुको अनुहारले जातीय छुवाछूत गर्नेहरुलाई थप उर्जा दिएको छ । एकोहोरो संवादको संस्कृतिले दलितहरुलाई कज्याएको छ । समाजमा प्रचलित उखान टुक्का र शब्द चयनले दलितहरुलाई आहत बनाएको छ भन्ने कुराहरु यस पुस्तकको ठाउँ ठाउँमा परेका छन् ।

जातीय छुवाछूत मास्ने केही प्रयासहरु भएका छन् । तिनमा दलित र गैर दलितहरुको सहभोजन, योजनाबद्ध रुपको मन्दिर प्रवेश कार्यक्रम र सार्वजनिक ठाउँको सह-बसाइ प्रमुख छन् । तर यस्तै कार्यक्रममा पनि यदाकदा व्यवधान आएका कुराहरु यस पुस्तकको धेरै ठाउँमा परेका छन् ।

दलित शब्द नै हीनता वोधक पो हो कि? यो शब्द नै मागिखाने भाँडो भयो कि? यसले पौरखी समाजको दलित मनोवृत्ति पो देखायो कि? दलित शब्दलाई फेर्ने पो हो कि? यस्ता झीना स्वरहरु पनि केही दलित र केही गैर दलितहरुका लेखहरुमा भेटिएका छन् ।

दलित समस्या के को परिणति हो? के यो धार्मिक ग्रन्थको उपज हो? के यो एउटा तप्कालाई शक्तिहीन बनाउने राजनीतिक चालबाजी हो? के यो 'शुद्धता' कायम गर्ने धार्मिक बिधिको परिणाम हो? के यो सामन्ती सोच र तिनका पृष्ठपोषकहरुको एकोहोरो दवाबको नतिजा हो? के यो धर्म र परंपराको जरो समातेको कानूनको कमजोरीले दिएको प्रतिफल हो? के यो समाजका टाठाबाठाहरुको हेपाहा प्रवृत्तिको मूर्तरुप हो? के यो वर्गीय दबावको असर हो? यस पुस्तकमा यी प्रश्नहरुको संश्लेषित उत्तर छैन । तर एकांकी सोचहरु भने पर्याप्त मात्रामा भेटिन्छ । यस अर्थमा संग्रहित लेखहरुमा अनुसन्धानका पुटहरु अलि नपुगेकै देखिन्छ । यही 'नपुग' अवस्थामा नै दलित आन्दोलन रुमलिएको भेटिन्छ । किनकि आन्दोलनकारीको एउटा तप्काले वर्गीय लडाइलाई जातीय मुक्तिको बाटो मानेको छ । अर्को तप्काले आसे राजनीति र छितरिएको राजनीतिक आवद्धताले दलित समुदायले दुस्मन र मित्रशक्ति चिन्नै सकेन भनी दुखेसो व्यक्त गरेको छ ।

यस पुस्तकले दलित आन्दोलनका पक्षधरहरुको लेखन क्षेत्र अझ बढाउ भन्ने सन्देश दिएको छ । उपलब्ध लेखहरुले इंकित गरेका छन्-दलितहरुको पारस्परिक र आधुनिक इतिहास लेखिएको छैन । दलित सम्बन्धी मानवशास्त्रीय

र समाजशास्त्रीय खोजहरु भएका छैनन् । अन्तर दलित जातीय संरचना भत्काउने र दलितलाई सिंगो पौरखी शक्ति बनाउने बाटाहरु खोजिएका छैनन् । गैर दलित र दलितबीचका चिन्तन चौतारीहरु बनेका छैनन् । दलितहरुका परंपरागत पेशाहरुले बौद्धिक र आर्थिक उर्जा पाएका छैनन् । दलित महिला आन्दोलनले समग्र महिला आन्दोलनको जस्तो पुरुष चेतनाकरण, महिला सशक्तिकरण र गैर-दलित संवादीकरणका बाटाहरु पहिल्याएका छैनन् । दलित वस्तीमा शिक्षा फैलाउने प्रयोगिक सोचहरु ठम्याइएका छैनन् । त्यहाँ राजनीतिक र प्रशासकीय शक्ति हत्याउने व्यवहारिक उपायहरु पहिल्याइएका छैनन् । दलित बस्तीका परंपरागत सीपको उद्यमीकरण गर्ने कि? गैससहरुले अख्तियार गरेका आय आर्जनका खुद्रे उपायहरु गर्ने कि? जमीन र जायजेथाको पुनर्वितरण गर्ने कि? भन्ने कुराहरु यकिन गरिएका छैनन् । दलितहरुका स्थानीय, राष्ट्रिय र अन्तर्राष्ट्रिय योगदानहरुबारे कसरी चर्चा गर्ने भन्ने कुराहरु टुंगोमा पुगिसकेका छैनन् । तराइ, पहाड र हिमालका वस्ती वस्तीमा भएका दलित आन्दोलनहरुलाई एक सुत्रमा बाँध्न सकिएको छैन । राजनीतिक दलका चुनावी घोषणापत्रहरुमा भएका बुंदाहरुलाई एकत्रित गरी सर्वदलीय आवाज दिने आन्दोलन बनाउन सकिएको छैन ।

कसरी दलितहरुलाई धन (लक्ष्मी शक्ति), विद्या (सरस्वती शक्ति) र राज्यसत्ता (काली शक्ति) को पहुँच दिलाउन सकिन्छ भन्ने कुराको एकसाथ जवाफ दिन यस पुस्तकका लेखहरुमा आरक्षणको कुरा उठेको छ । तर आरक्षणको स्वरुप के हुने? आरक्षण दिने र आरक्षण लिने दुबै थरिलाई मान्य हुने शब्द के हुने? जस्ता कुराहरु अझै टुंगो लागिसकेका छैनन् ।

सुधारवादी, उदारवादी र क्रान्तिकारी तिनै सोचहरुको आ-आफ्नो मान्यता छ । आ-आफ्नो कार्यशैली छ । ती कार्यशैलीहरुको वाहक जमात छ । ती सबै जमातहरुलाई एउटा आन्दोलनको वहुल कार्यनीति बनाएर लाने सोचहरु छैनन् ।

दलितलाई हेप्नेहरुमा बाहुन क्षेत्रीहरु मात्रै छैनन् । जनजातिहरु पनि छन् । त्यस्तै पुरुषहरु मात्रै छैनन् । महिला र बालबालिकाहरु पनि छन् । शिक्षक र कर्मचारीहरु छन् । राजनीतिज्ञ र 'समाजसेवीहरु' छन् । ती सबै हेपाहाहरुमा दलित-सचेतता भर्ने कार्यक्रमहरु बनिसकेका छैनन् । त्यसबारेमा उल्लेख्य लेखहरु पनि आइसकेका छैनन् ।

दलित जाति हो कि समूह हो? वर्ग हो कि वर्ण हो? जनजाति हो कि को हो? भन्ने कुराहरुमा निश्चित सोच बनिसकेको छैन । यस्ता सोच दिने लेखहरु पनि लेखिएका छैनन् ।

केही लेखहरुले दलितलाई दोष्ने गरेका छन् । यसरी दोष्ने लेखहरुले

दलितका सवल पक्षहरु उजागर गर्न सकेका छैनन् । दलितहरुको हीनताबोध हुनुको पछाडिका कारणहरु विश्लेषण गरेका छैनन् ।

सामाजिक संरचना, 'धार्मिक' आड, सनातनी सोच, आर्थिक बल, प्राज्ञिक क्षमता आदिले थिच्ने र थिचिनेहरुको दृष्टिकोण फरक हुन्छ । प्रस्तुत पुस्तकमा थिचिनेहरु र तिनीहरुसँगै स्वर मिलाउनेहरुका बोली त भेटिएका छन् । तर थिच्नेहरु मध्येका धेरैको स्वीकारोक्ति पाइएका छैनन् । उनीहरुले आफूलाई बदल्ने उपायहरु पहिल्याएका छैनन् । यसरी हातेमालो गर्नुपर्ने एउटा गैर दलित पाटोका 'ओर्लिने' सोच देखापरेको छैन । त्यस्तै दलितहरुको 'उक्लिने' सोचको खाका पनि प्रस्तुत लेखहरुले दिनसकेका छैनन् । यिनै 'छैनन्हरु' लाई लिएर आगामी दिनका छापाहरु भरिने छन् र दलित आन्दोलनलाई बहुपक्षीय रुपमा सहायता प्रदान गर्नेछन् भन्ने विश्वास गरिएको छ ।